# लडाकु व्यवस्थापन र शान्ति स्थापना

ध्रुबकुमार

एकीकृत नेकपा (माओवादी) ले २०६६ चैत २४ का दिन पचहत्तरै जिल्लामा साना, ठूला आमसभा गरी जनआन्दोलन-२ दिवस मनाएर दलको उपस्थिति यथेष्ट रूपमा जनायो ।[१] जनआन्दोलनमा सहभागी अन्य राजनीतिक दलको निस्क्रियताले गर्दा उक्त दिनको महत्त्व चाहिं विस्मृतिमै रह्यो । गत वर्ष (२०६५) को जनआन्दोलन दिवसमा टुँडिखेलबाट सम्बोधन गर्दै तत्कालीन प्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्डले सेना समायोजनको विरोध गर्नेहरू हत्यारा र अपराधी हुन् भनी उद्घोष गरेका थिए । यो वर्षको चैत २४ का दिनमा चाहिं उनले वर्तमान सरकारको राजीनामाबाटै देशमा गाँजिएका समस्याको निदान हुने र नेपाली सेनासँग आफ्नो दलको कुनै वैरभाव नभएको स्पष्ट पारे । उनले नेपाली सेना र माओवादी एक भएर राष्ट्रिय हितमा लाग्ने विचार पनि त्यस अवसरमा प्रकट गरे ।

तर, नेपाली सेनाप्रति सार्वजनिक गरिएको यो वक्तव्य र २०६६ फागुन १७ का दिन चितवनको शक्तिखोर शिविरभित्र आफ्ना लडाकुहरूलाई प्रशिक्षण दिने

---

[१] यो लेख *हिमाल खबरपत्रिका* २०(१) : ६३–६७, २०६७ बाट लिइएको हो ।

क्रममा प्रचण्डद्वारा अभिव्यक्त विचारमा कति सामञ्जस्य छ भनी हेर्नुपर्दछ । त्यस वेला उनले नेपाली सेनामा छिट्टै १० हजार जनमुक्ति सेना समायोजन गरिने र त्यसपछि सम्पूर्ण सेनालाई नियन्त्रणमा लिने कार्ययोजनाबारे आफ्ना लडाकुहरूलाई अवगत गराएका थिए । लडाकुहरूलाई आश्वस्त पार्दै प्रचण्डले त्यहाँ भनेका थिए, "अन्ततः देश तपाईंहरूकै हातमा सुम्पिने वेला आइसकेको छ । देश नै हामीले चलाउने भएपछि भविष्यको के चिन्ता ?" उनको भनाइमा 'ढिलै होस्, तर छोरै होस् भनी पार्टी कछुवाको गतिमा अघि बढेको' हो (नेपाल समाचारपत्र २०६६) ।

माओवादी अध्यक्ष प्रचण्डका यी उद्‌गार वर्तमान राष्ट्रिय परिप्रेक्ष्यमा विकसित राजनीतिक अन्योल र गतिहीनता साथै राज्य सञ्चालन प्रक्रियाको असफलताले गर्दा 'अन्धेर नगरी चौपट राजा' को विषम परिस्थितिमा कति सापेक्षित छन् ? राज्य सञ्चालनको अभिभारा आफैंमा निहित हुँदा लडाकुहरूलाई सेनामा समायोजन गर्ने कार्यअघि बढाउन नसक्नुमा अन्य दलहरूको असहयोग भन्दा माओवादी दलको अकर्मण्यता नै बढी जिम्मेवार थियो । कारण, त्यस वेला उनीहरू अर्थराजनीतिकै उपादेयताको निम्ति पनि 'अनमिन' ले बालसैन्य भनी गन्ती गरेका र २०६३ जेठ १२ पछि भर्ना भएका कारण अयोग्य ठहरिएका लडाकुहरूलाई समेत अस्थायी शिविरबाट बिदा गर्न अनिच्छुक थिए । तर, बालसैन्य राखेका कारण खस्कँदै गएको अन्तर्राष्ट्रिय छवि जोगाउने प्रयत्न स्वरूप २,९७३ बालसेना र १,०३५ अन्य समेत ४,००८ अयोग्य लडाकुहरूको बहिर्गमनका निम्ति त्यो दल तयार भएको हो । एक प्रकारले यो निर्णय बाध्यतावश लिनुपरेको थियो संयुक्त राष्ट्रसंघ तथा अन्य दातृ निकायहरूको दबाबका साथै चेतावनीपछि अयोग्य लडाकुहरूको बहिर्गमनको सन्दर्भमै औपचारिक तवरबाट त जम्मा २,३९४ जना लडाकुहरूको मात्र बिदाइ गरियो । बाँकी अन्य १,६१४ जना कहाँ गए ? त्यसको न लेखाजोखा भयो, न रेखदेख, न अनुगमन नै गरियो । शिविर छाडेका र हराएका ती लडाकुहरूमध्ये कतिपय बालसैन्य पनि छन् । तिनीहरूप्रतिको जिम्मेवारी कसले बहन गर्ने ?

शान्ति प्रक्रियाको अभिन्न अंगको रूपमा रहेको पूर्वलडाकुहरूको रेखदेख, समायोजन, व्यवस्थापन अनि पुनःस्थापनाको निम्ति सातओटा मुख्य शिविर र २१ ओटा सहायक शिविरहरूमा राखिएका १९,६०२ जना माओवादी लडाकुहरूको भरणपोषण, भत्तालगायत अन्य कार्यहरूमा गत तीन वर्षको अवधिमा करिब ६० अर्ब रुपियाँको लगानी भएको छ । तैपनि शान्ति प्रक्रिया अवरूद्ध छ । मोलमोलाइ र आरोप-प्रत्यारोपकै कारण लडाकुहरूको समायोजन कार्य यथावत छ । विशेष

समिति अनि प्राविधिक समितिका बैठकहरू निर्णयहीन हुने गरेका छन् । यस्ता गतिरोध पन्छाएर मुलुकको राजनीतिक स्थिरता र शान्ति प्रक्रियामा देखापरेका चुनौतीको समाधान गर्न गठित उच्चस्तरीय संयन्त्र पनि सेलाएको छ । समायोजनसम्बन्धी प्रत्येक कार्ययोजना प्रभावहीन भएका छन् । यसैकारण प्रधानमन्त्री माधवकुमार नेपालले क्यान्टोनमेन्टमा लडाकु राखेर माओवादीले फाइदा लिएको वक्तव्य दिएका हुन् ।

## समायोजन हुँदैन, समायोजन हुन्छ

माओवादी लडाकुहरूको रेखदेख, समायोजन र व्यवस्थापन शान्ति प्रक्रियाको अन्तरंग र अभिन्न अंगका रूपमा रहे पनि निर्विवादित भने रहेको छैन । दुईथरी सेना रहुन्जेल शान्ति प्रक्रिया अवरूद्ध नै रहन्छ । तसर्थ माओवादी लडाकुहरूको समायोजन र व्यवस्थापनको मुद्दा अति संवेदनशील हुनुको साथै सर्वसम्मतिकै आधारमा समाधान गरिनुपर्ने अनिवार्य छ । तर, यस विषयमा कुनै पनि राजनीतिक दलको नेतृत्वको राय निर्दिष्ट छैन । नेपाली सेना आफ्नो संस्थागत स्वार्थ जगेर्ना गर्न अडिग छ । र, उसले (माधवकुमार नेपाल नेतृत्वको) वर्तमान सरकारका रक्षामन्त्री (विद्यादेवी भण्डारी) को आड पाएको छ । अर्कातिर नेकाँका दिवंगत सभापति गिरिजाप्रसाद कोइरालाको विचार माओवादी लडाकुहरूलाई सेनामा नभई समाजमा पुनःस्थापना गर्नुपर्ने भन्ने थियो । लडाकुहरूलाई राष्ट्रिय सेनामा समायोजन गरे सेनाको राजनीतिकरण भई अवमूल्यन हुने उहाँको विचार थियो (कान्तिपुर २०६६ग) ।

तर, १२ बुँदे समझदारी तथा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरिंदा उहाँ र माओवादी अध्यक्ष प्रचण्डबीच तीनदेखि पाँच हजारको संख्यामा लडाकुहरू समायोजन गर्न अलिखित समझदारी भएको कुरा उहाँ जीवितै छँदा र उहाँको निधनपछि पनि प्रकाशमा आएको छ । तर, उहाँको देहावसानपछि माओवादी पक्षले कोइरालाले तीन हजार भने पनि हामीले १२/१४ हजार समायोजन गर्न भनेका थियौं भनी प्रचार गरेको छ ।

यसबाहेक वर्तमान प्रधानमन्त्री माधवकुमार नेपालले नै पाँच हजार लडाकु समायोजन गर्न सक्ने उद्देश्यअनुसार १२० दिन, ६० दिन र अहिले ३० दिनभित्रै सम्पन्न गर्न समयतालिका विशेष समितिमार्फत प्रस्तुत गरेका छन् । तर, गाँठी कुरा लडाकुहरूको संख्यामा मात्र सीमित नभई उनीहरूलाई दिइने ओहदा समेतमा कुनै ठोस निर्णय भएको छैन । समायोजन नै कहाँ, कसरी र कुन सुरक्षा निकायमा गर्ने भन्ने विषयमा नै मतैक्य भएको छैन । अनि विशेष समितिमार्फत

आएका र माओवादी पक्षबाट राखिएका प्रस्तावहरूमा छलफलद्वारा एकरूपता ल्याउने प्रयत्न पनि भएको छैन ।

माओवादीले आफ्नै नेतृत्वमा सरकार चलाएको वेला २०६५ फागुनभित्रै समायोजन र व्यवस्थापनसम्बन्धी काम टुंग्याउने योजनाअन्तर्गत आफ्ना लडाकुलाई सेनासरहकै विभिन्न पदीय दायित्व दिने निर्णय गरेको थियो । जसअनुसार जनसेना प्रमुखलाई नेपाली सेनाको महारथीसरह 'चिफ अफ जनरल स्टाफ' र सह-कमाण्डरलाई रथीको दर्जा, डिभिजन कमाण्डरलाई उपरथी तथा सहायक कमाण्डरलाई सहायक रथी, बिग्रेड कमाण्डरलाई महासेनानी, बटालियन कमाण्डरलाई प्रमुख सेनानी र त्यसैगरी सहायक बटालियन कमाण्डरलाई सेनानीको दर्जा र त्यसपछिको तहगत ओहदाको किटान गरिएको थियो । यसैले हुन सक्छ, हाल माओवादीले सुरक्षा अंगमा समायोजन गरिने लडाकुहरूको संख्या र अन्य व्यवस्थाबारे सहमतिमा पुग्न नसकुञ्जेल कुनै पनि निर्णय नलिने तथ्य स्पष्ट गरेका छन् । यसको पुष्टि उनीहरूले आफ्ना प्रतिनिधिसमेत रहेको प्राविधिक समितिले गरेको 'चेन अफ कमाण्ड' सम्बन्धी निर्णय र अन्य कार्यविधि आफूलाई अमान्य भएको जनाउ दिएर गरेका छन् । आफ्ना लडाकुहरूको स्तर नेपाली सेनासरह नराखेको त्यो निर्णयमा स्वीकृति जनाएका कारण उनीहरूले आफ्ना प्रतिनिधि सभासद् इन्द्रजित राईलाई प्राविधिक समितिको सदस्यताबाट फिर्ता बोलाइसकेका छन् ।

अहिले माओवादीले आफ्ना (क) १९,६०२ संख्यामा रहेका लडाकुहरू नै समायोजन हुनुपर्ने अडान राखेको छ (ख) त्यसो नभए राजनीति र पुनःस्थापनामा जान चाहनेहरूलाई प्रतिव्यक्ति रु २० लाखको दरले रकम अथवा ५ देखि १० विघा जग्गा दिनुपर्ने (ग) र, साथै तीनओटा विकल्प पनि सुझाएको छ । ती विकल्पमध्ये (क) सेना समायोजन र पुनःस्थापना गर्ने (ख) माओवादी लडाकुहरूको छुट्टै बल स्थापना गर्ने र (ग) माओवादी लडाकुको संख्या जति नै सेना, प्रहरीबाट अधिकृत र जवान सम्मिलित अर्को नयाँ सुरक्षा अंगको स्थापना गर्ने ।

झट्ट हेर्दा विकल्पका रूपमा आएका यी प्रस्तावहरू अनुचित लाग्दैनन् । तर, समायोजनको समस्या टार्न राष्ट्रमा सुरक्षा निकायहरूको संख्या अभिवृद्धि गर्न कति उचित छ ? यसबारे गम्भीर विचार विमर्श हुनु आवश्यक छ । यत्ति हो, समायोजनको सन्दर्भ र अनिवार्यतालाई पन्छाउन मिल्दैन । लडाकुहरूको यथोचित समायोजन र व्यवस्थापन नहुञ्जेल शान्तिप्रक्रिया धर्मराई नै रहन्छ । यसैले अब लडाकुहरूको समायोजन र व्यवस्थापन माओवादीको मात्र सरोकारको विषय होइन । यो राष्ट्रिय सरोकार र भविष्यको राजनीतिक स्थायित्वको अटुट कडी

बनिसकेको छ । त्यसैले पक्ष र विपक्षको मान्यता र दाबीको आधारमा नभई जनआन्दोलन-२ पछि गठित सरकार र माओवादी दलबीच भएको शान्तिसम्झौता र सोही अनुसार हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता २०६३ को ४.१.३ बुँदामा उल्लिखित अस्थायी शिविर साइटमा रीतपूर्वक दर्ता भएका माओवादी सेनाका लडाकुहरू मात्रै स्तरीय मान्यताहरू पूरा गरी सुरक्षा फौजभित्र गरिने सम्भावित समायोजनका लागि योग्य हुनेछन् भन्ने समझदारीकै आधारमा समायोजनको निम्ति संख्या निर्धारण गरी सेनालगायत विभिन्न सुरक्षा निकायमा सम्मिलित गर्दै शान्तिसम्झौता अनुरूपको प्रतिबद्धता पूरा गरिनुपर्छ । यहाँ उल्लेखनीय कुरा के छ भने संयुक्त राष्ट्रसंघको रोहवरमा भएको हतियार तथा सेना व्यवस्थापन अनुगमनसम्बन्धी उक्त सम्झौतामा माओवादी वार्ता टोलीका संयोजक कृष्णबहादुर महराले हस्ताक्षर गरेका छन्, र त्यसमा समायोजन सम्भावित मात्र भनिएको छ । समायोजन अनिवार्य रूपमा हुनैपर्छ भन्ने व्यहोरा कतै उल्लेख छैन ।

तर, 'सम्भावित' मात्र लेखिएकै भरमा समायोजनको प्रसंगलाई पूरै नकार्न मिल्दैन । यस सन्दर्भमा सरकारमा रहेका केही व्यक्तिहरूको 'माओवादी लडाकुहरूलाई सेनामा समायोजन गर्नै हुन्न' भन्ने अडान त्यत्तिकै अनुचित छ, जति माओवादीहरूले आफ्ना लडाकुहरूको मूल्य तोक्ने जस्तो अनुचित जमर्को गरेका छन् । आफ्ना अमूल्य लडाकुहरूलाई शिविरको घेराबन्दीमा राखेर क्रान्तिकारी दलका नेताहरूले उनीहरूको मूल्यको मोलमोलाइ गर्नु, अति अशोभनीय कार्य हो । जनमुक्ति सेनाको नाम दिइएका लडाकुहरूको मुक्तिको मोल राख्नु यथार्थ अकल्पनीय अपराध नै ठहर्दछ । क्रान्ति त मुक्तिको निम्ति गरिन्छ । त्यसैले स्वतन्त्रता रोज्ने लडाकुहरूलाई स्वतन्त्र गर्नै पर्छ, राजनीतिमा जान चाहनेलाई स्वेच्छामा छोड्नुपर्दछ । पुनःस्थापनामा जान चाहनेहरूलाई यथोचित प्रबन्ध सम्बन्धित निकायले इमान्दारीसाथ वहन गर्नुपर्दछ । बाँकी सुरक्षा निकायमा समायोजन हुन चाहने लडाकुहरूलाई उनीहरूको अनुभव, क्षमता र इच्छाकै आधारमा विभिन्न सुरक्षा निकायमा अंगीकृत गर्न सकिन्छ । सेना तथा अन्य सुरक्षा अंगहरूमा योग्यता र क्षमताअनुसार समायोजनको तयारी गर्दा सहमतिकै आधारमा भर्तीसम्बन्धी कठोर मापदण्डहरूमा केही लचकता बहन गर्न पनि सकिन्छ । किनकि समायोजन कार्य विशेष परिस्थितिको उपज हो । लडाकुहरूको समायोजन कार्य रिकुटे भर्तीभन्दा सर्वथा भिन्न हुन्छ । समायोजनको निम्ति संख्या तथा ओहोदाको किटान गरिसकिएपछि तयार गर्ने मूल सूची (मास्टर लिस्ट) मा सकेसम्म नवजवानहरूको संख्या बढी राख्नु उचित हुन्छ जसले गर्दा उनीहरूले लामो अवधिसम्म सेवारत हुने अवसर

पाऊन् । समायोजनकै सन्दर्भमा कसैलाई काखा, कसैलाई पाखा पारिएको मनस्थितिमा लडाकुहरू पुगे भने त्यसको प्रतिकूल असर पर्न सक्दछ । तसर्थ लडाकुहरूले आफूलाई वञ्चितीकरण तथा सीमान्तीकृत गरेको महसुस नगरून् भनी समायोजन कार्यमा संलग्न सबै निकायका प्रतिनिधिहरू सचेत हुन आवश्यक हुन्छ ।

सेना, सशस्त्र प्रहरी र प्रहरी सेवाकै तालिमका पनि कठोर प्रक्रियाबाट गुज्रिनुपर्ने हुन्छ । कम्तीमा नौ महिनाको कठोर तालिमपछि मात्र एकजना सैनिक जवान तयार हुन्छ । कतिपय अवस्थामा नौजवान युवायुवतीहरू समेत तालिमबाट पलायन हुन्छन् । तसर्थ सबै लडाकुलाई सेनामै समायोजन गर्नुपर्ने तर्क उपयुक्त छैन । समायोजन राजनीतिक निर्णय साथै प्राविधिक कार्य पनि हो । जुन सोचे जस्तो सहज हुँदैन । छापामार योद्धा हुनु, संघर्षको रोमाञ्चक स्थितिको परिकल्पनामा जीवन बिताउनु र सैन्य अनुशासन र बन्देजमा बस्नु भिन्दाभिन्दै सन्दर्भ हुन् । छापामारहरूझैं सेनाका जवान सेनाका जवान स्वतन्त्र र स्वच्छन्द हुँदैनन् । संघर्षबाट गुज्रिएका धेरै मुलुकहरूमा सेना समायोजनपछिको कठिन सैनिक जीवन असह्य भई छापामारहरू सैनिक सेवाबाट पलायन भएका थुप्रै उदाहरण छन् । फिलिपिन्सको मोरो नेशनल लिवरेसन फ्रन्ट यसको ज्वलन्त नमुना हो ।

## पुनःस्थापनाका चुनौती

हाम्रो आफ्नै अनुभवको आधारमा भन्ने हो भने अनमिन, सरकार र माओवादी दल तीनैथरी मिलेर सजिलैसँग ४,००८ अयोग्य लडाकुहरू अनि त्यसमध्येका उपस्थित २,३९४ जनालाई पालैपालो गरेर रु २२ हजारको थैली हातमा राखी सबै शिविर चहारेर बिदा गऱ्यौं । तर, यो प्रक्रियामा पनि शान्तिसम्झौता, अन्तरिम संविधान र अन्य समझदारीमा उल्लिखित प्रतिबद्धता भने तोड्यौं । अनमिनको प्रमाणीकरणबाट अयोग्य ठहरिएका लडाकु तथा बाल सैनिकहरूको रेखदेख र पुनःस्थापना गर्ने सहमतिमा माओवादीले नै भाँजो हाल्यो । त्यो कसरी भने राष्ट्रसंघद्वारा प्रस्तावित व्यावसायिक जीवन उपयोगी 'पुनःस्थापना प्याकेज' माओवादी दलद्वारा माग गरिए अनुसारको प्रतिव्यक्ति रु १० लाख दिन सरकार असमर्थ भएपछि अस्वीकृत भयो । जसले गर्दा अनमिनबाट बाँडिएको पहिचानपत्र बोक्दै अयोग्य लडाकुहरूको बहिर्गमन सकियो । तर ती लडाकुहरूको सामाजिक जीवन अनिश्चित तथा अनिर्णित रहेको छ ।

शिविरबाट ती अयोग्य लडाकु तथा बालसेनाहरूको बहिर्गमनपछि यस कार्यलाई शान्ति प्रक्रियाको सफलताको अंशको रूपमा प्रस्तुत गरिएको छ । तर, यो अर्धसत्य हो । किनकि अयोग्य लडाकुहरूको बहिर्गमन त अस्थायी शिविरबाट भएको हो । जुन ढिलो, चाँडो हुनु नै थियो । तर, शान्तिप्रक्रियाको मुख्य पाटो त व्यवस्थापन र पुनर्स्थापन हो जुन स्थायी प्रकृतिको हुन्छ र त्यसैका आधारमा लडाकुहरूको सामाजिक जीवनको कडी जोडिन्छ । 'सेनामा होइन, समाजमा पुनःस्थापना गर्नुपर्छ' भन्ने दिवंगत गिरिजाप्रसाद कोइरालाको भनाइको तात्पर्य साधारण जनमानसले 'हत्यारा' का रूपमा लिएका ती लडाकुहरू समाजमा घुलमिल हुन सकून् र सहज जीवनयापन गर्न पाउन भन्ने थियो । तर, यसो भएन । उनीहरूलाई एकप्रकारले बेवारिसेझैं छोडियो ।

शायद यसैले होला एक पूर्वउपरथीको सामरिक आँखा र संवेदनशील मस्तिष्कमा ती सैनिक तालिम प्राप्त युद्ध अभ्यासले सक्षम भएका अयोग्य लडाकुहरूलाई 'सरकारले छरेको सलाईका काँटी' देख्यो जसले कुनै पनि वेला मुलुकमा डढेलो सल्काउन सक्छ । अधकल्चो निर्णय र असंगत व्यवहारको फलस्वरूप अकारणमै सरकारलाई यो अवगाल आइपरेको छ । १२ कक्षासम्म निःशुल्क शिक्षा दिने, व्यवसायमूलक तालिमका साथै विदेशी कामदार हुने प्रलोभनहरू निस्क्रिय भए । तैपनि बहिर्गमन भएका लडाकुहरूलाई पुनःस्थापना र व्यवस्थापनसम्बन्धी 'सल्लाह र सुझाव' (काउन्सिलिङ) दिनका निम्ति संयुक्त राष्ट्रसंघअन्तर्गतका निकायहरूले विभिन्न स्थानमा पाँचओटा केन्द्र सञ्चालन गरिरहेका छन् । बहिर्गमनका परेका कतिपय अयोग्य लडाकुहरू अनमिनको सम्पर्कमा पनि आएका छन् । तीमध्ये कतिपयले घरजम गरेर बस्ने कुरा पनि गरेका छन् । तर, अयोग्य ठहऱ्याइएका धेरैजसो लडाकुहरू अझै पनि सेना वा प्रहरीमै भर्ती हुने इच्छा पालेर बसेका छन् ।

माओवादी छापामार भएकाले उनीहरूले सीपमूलक तालिमका रूपमा बन्दुक चलाउन जानेकै छन् । छापामारहरूको अनुभव अनुसारको शैक्षिक प्रमाणपत्र दिने घोषणा माओवादी सरकारका तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईले समेत गरेका थिए । कुनै पनि पेसामा संलग्न हुन शिक्षाको अनिवार्यता महसुस गरेर नै शायद शिविरभित्रका थुप्रै लडाकुहरू एसएलसी परीक्षामा सामेल भए । दुःखद कुरा के हो भने शिविरबाट निकालिएका थुप्रै अयोग्य लडाकुहरू मातृका यादव पक्षको माओवादी दलमा सामेल भइरहेको जानकारी आएको छ । र, अन्य कतिपय एकीकृत माओवादी दलमै समावेश भई उक्त दलद्वारा खडा गरिएको सुरक्षा दस्ताहरूमा सामेल भएका छन् । माओवादी दलले अयोग्य ठहरिएका लडाकुहरूलाई

विभिन्न शिविरहरूमा राखी पार्टीको अर्धसैन्य दस्ताको रूपमा विकसित गर्न लागेको समाचार पनि प्रकाशमा आएको छ । अयोग्य ठहऱ्याइएकामध्ये शिविरबाट पहिले नै बाहिरिएका र औपचारिक रूपमा बहिर्गमन भएका लडाकुहरू समेत अर्धसैनिक दस्तामा सामेल हुनेहरूलाई ४०/४० जनाको समूह बनाई माओवादीले आफ्नै शिविरमा राख्न थालेको छ । सरकारबाट सञ्चालित शिविरहरूबाट बाहिरिनेको संख्याको लेखाजोखा कसैसँग छैन । ती सबै अर्धसैन्य बलका रूपमा विकसित भए भने अचम्मित हुनुपर्दैन । स्मरणीय छ, माओवादीहरूले २०५२ सालमा जनयुद्ध थाल्दा उनीहरूको कुल संख्या दुई हजार पनि थिएन र हतियार नगण्य थिए ।

भविष्यमा राष्ट्रका सुरक्षा निकायहरूसित समायोजनपछिको अवस्थामा राजनीतिमा लाग्ने बाहेक पुनर्स्थापित हुन माओवादी दलका योग्य लडाकुहरूको व्यवस्थापनसम्बन्धी अर्को चुनौती सामना गर्न पनि वर्तमान तथा भविष्यका कुनै पनि सरकार सक्षम हुनुपर्दछ । हाल मन्त्रीपरिषदद्वारा स्थापित विशेष समितिअन्तर्गतका २८ ओटा ठूला-साना शिविरहरूमा रहेका माओवादी लडाकुहरू सरकारद्वारा प्रदान गरिने निर्वाह भत्ता तथा अन्य सुविधामा निर्भर रहे तापनि सरकारको मातहतमा नभई माओवादी दलकै मातहतमा रहेका छन् । विशेष समितिद्वारा शिविरका लडाकुहरूको नियन्त्रण गर्न आचारसंहिता बनाउने अभ्यास र त्यसको कार्यान्वयनको प्रयत्न माओवादी नेताहरूले शिविरहरूमा आफ्नै ढंगले प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुबाट पनि प्रभावहीन रहेको सिद्ध हुन्छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतका निकायहरूको समर्थनमा समेत सरकार शिविरहरूलाई आफ्नो नियन्त्रणमा राख्न असफल भएको तथ्य ती शिविरहरूमा कति संख्यामा माओवादी लडाकुहरूको उपस्थिति छ भन्ने जानकारीसमेत नरहेकोबाट पुष्टि हुन्छ । अनमिन र सरकारी तथ्यांकमा हाल शिविरहरूमा १९ हजार ५७५ लडाकुहरूको उपस्थिति रहेको संशयपूर्ण आँकडा छ । तर सरकार नै यो तथ्यांकलाई विश्वसनीय ठान्दैन ।

विस्तृत शान्तिसम्झौताको मर्म शान्ति र स्थायित्व हो जुन राजनीतिक दलहरूबीचको समझदारी र निर्णयात्मक शक्तिमै निर्भर रहन्छ । संविधान निर्माण, राज्यको पुनःसंरचनाजस्तो पुनित र जटिल कार्यसँग माओवादी लडाकुहरूको व्यवस्थापन कार्य पनि जोडिएको छ जुन मुलुकमा राजनीतिक स्थायित्वका साथै हिंसात्मक घटनालाई निरूत्साहित गर्नका निम्ति समेत अत्यावश्यक छ । सीमित रूपमा भए पनि शिविरमा रहेका माओवादी लडाकुहरू राज्य र राष्ट्रसित नभई अझै पनि एउटा क्रान्तिकारी राजनीतिक दलसित सम्बन्धित छन् । ती लडाकुहरूलाई

उक्त राजनीतिक दलले नै मोलमोलाइ र लेनदेनको वस्तु (बार्गेनिङ चिप्स) को रूपमा प्रयोग गरिरहेको छ ।

विडम्बना त के भने शिविरमा रहेका र सरकारी भत्ता खाइरहेका ती लडाकुहरूकै आडमा माओवादीहरू अझै पनि समाज र सरकारमा त्रास फैलाउन सफल भइरहेका छन् । यसै कारण पनि अहिले लडाकुहरूको समायोजन सन्तोषजनक रूपमा गरिनुपर्ने विषय राष्ट्रिय प्राथमिकतामा परेको छ । कारण संविधान निर्माण तथा राज्यको पुनःसंरचना कार्यलाई सहज गर्न हिंसालाई निरूत्साहित गर्न तथा राजनीतिक स्थायित्वका निम्ति सहमतिमा पुग्न पनि लडाकुहरूको समायोजन अनि व्यवस्थापन कार्यलाई तदारूकताका साथ अघि बढाउनु जरूरी छ । संविधानसभाको निर्वाचनपछिको स्थापित मान्यता भन्नु नै संविधानको तर्जुमा गर्न र राजतन्त्रात्मक राज्यलाई संघीय गणतन्त्रमा परिवर्तित गर्नु रहेको छ । यस सन्दर्भमा देखापरेका सैद्धान्तिक असहमतिबाहेक प्राविधिक तवरबाट समायोजन कार्य पनि टुंग्याउनुपरेको छ । तर, शिविरहरू खाली गर्ने कार्यलाई न समायोजन भन्न सकिन्छ, न व्यवस्थापन ।

समायोजन कार्य समावेशी हुनु नितान्त आवश्यक हुन्छ । सरोकारवालाहरू सन्तुष्ट हुनु नै पुनःस्थापना कार्य सफल हुनु हो । यस परिप्रेक्ष्यमा बिर्सन नहुने कुरा के हो भने नेपालको शान्तिप्रक्रियामा दातृ राष्ट्रहरू सुरूदेखि नै बडो अभिदुरूपचिपूर्वक संलग्न छन् । शिविरमा रहेका लडाकुहरूको निम्ति विश्व बैंकसमेतले आर्थिक सहयोग प्रदान गरेको थियो । तर, माओवादी दलले शान्ति प्रक्रियाको सहायतार्थ प्रदान गरिएको रकममध्ये लडाकुहरूलाई दिइएको निर्वाह भत्तामा समेत लेबी उठाएको र अनुदानस्वरूप प्रदान गरेको रकम दुरूपयोग गरेको आशंका पुष्टि भएमा भविष्यमा पुनःस्थापना निम्ति अनुदान सहयोग जुटाउने कार्य अत्यन्त चुनौतीपूर्ण हुनेछ ।